# खाद्य पदार्थ निर्यातकर्ता तथा सरोकारवालालाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गत राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको परीक्षण प्रतिवेदनलाई भारतको FSSAI ले मान्यता दिएको सम्वन्धीजानकारी

नेपाल भारत बीच हुने खाद्य व्यापारमा सहजीकरण गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग तथा भारतको Food Safety and Standards Authority of India (FSSAI) बीच खाद्य स्वच्छताका क्षेत्रमा सहकार्य गर्न मिति २०७६ भाद्र ४ र ५ गते काठमाडौंमा आयोजना भएको परराष्ट्र मन्त्री र भारतका विदेशमन्त्रीस्तर रहेको नेपाल–भारत संयुक्त आयोगको पाँचौ बैठक कार्यक्रममा Memorandum of Understanding (MOU) मा नेपालका तर्फबाट यस विभागका महानिर्देशक तथा भारतको FSSAI का कार्यकारी निर्देशकद्वारा हस्ताक्षर भएको थियो ।

भारतको FSSAI ले मिति २९ जुलाई २०१९ बाट लागू हुने गरी विभाग अन्तर्गतको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालालाई कानूनी मान्यता दिएको छ । सो बमोजिम राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाबाट परिक्षण हुने तपसिल २१ वटा खाद्य तथा कृषिजन्य पदार्थहरुको परीक्षण प्रतिवेदनलाई भारतमा आयात हुने प्रयोजनका लागि FSSAI ले मान्यता दिने गरी प्रयोगशालालाई सूचिकृत गरेको व्यहोरा सम्वन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

<u>तपसिलः</u>

जुस, जाम, जेली, अचार, क्याण्डी, तयारी चाउचाउ , बिस्कुट, बाल आहार , दूध, धूलो दूध , कन्डेन्स मिल्क, आइसक्रिम, दही, प्रशोधित मासु, अदुवा, अलैची, बेसार, चिया, कफि, मह, तथा ताजा तरकारी र फलफूल ।


**नेपाल सरकार**

कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण बिभाग**

बबरमहल, काठमाडौं

वेबसाइट :www.dftqc.gov.np